प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्\

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान(TITI)

सानोठिमी, भक्तपुर .

Occupational Training of Trainers (Occupational ToT) तथा Management and Leadership Training for TVET professionals बिषयका तालीमहरुका लागी

## दरखास्त आव्हान गरिएको सूचना

पुनः सूचना प्रकाशित भएको मिति २०७४।१२।२७

यस प्रतिष्ठानले बिगत २ दशकभन्दा बढी समयदेखि प्राविधिक तथा व्यावसायिक सीप सिकाउने संस्थाका प्रशिक्षक तथा व्यवस्थापकहरुलाई प्राथमिकताका साथ सेवाकालीन तालीमहरु प्रदान गर्दै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थाका ती तहमा प्रशिक्षण दिने प्राविधिक प्रशिक्षकहरु तथा व्यवस्थापकहरुलाई व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोस्रो (EVENT Project II PS) को कार्यक्रम अनुसार प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा निम्न तालीमहरु निम्न मितिहरुमा हुने भएकाले न्यूनतम योग्यता पुगेका प्राविधिक तालीम दिने संस्थाका ईच्छुक ब्यवस्थापकहरु, प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुले पुनः प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त दिनुहुन सूचीत गरीन्छ। उम्मेदवारहरुको छनोट खुल्ला प्रतिष्पर्धाबाट हुनेछ।

**तालीमको नाम, समूह, आवश्यक योग्यता र अनुभव, संचालन गरिने मिति, बिषय र स्थान देहाय अनुसार छन्।**

| तालीमको नाम | योग्यता र अनुभव | तालीम संचालन हुने मिति, बिषय, समूह र स्थान |
|---|---|---|
| **पेशागत प्रशिक्षक प्रशिक्षण (Occupational ToT)** | सम्बन्धित बिषयमा स्नातक, डिप्लोमा तथा प्राविधिक एस. एल सी तह उत्तीर्ण गरी डिप्लोमा तथा प्राविधिक एस. एल सी तहमा १ बर्षदेखि प्रशिक्षण दिंदै आएका प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरु। । | **प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी, भक्तपुरमा**<br><br>(समूह १).<br>२०७५ बैशाख १० देखि बैशाख २१ सम्म<br>**बिषयः कृषि**<br>**(संख्या २० जना)**<br><br>(समूह २)<br>२०७५ बैशाख १० देखि बैशाख २१ सम्म<br>**बिषयः निर्माण**<br>**(संख्या २० जना)**<br><br>(समूह ३)<br>२०७५ बैशाख २४ देखि जेठ ४ सम्म<br>**बिषयः पशुपालन**<br>**(संख्या २० जना)**<br><br>(समूह ४)<br>२०७५ बैशाख ३१ देखि जेठ ११ सम्म<br>**बिषयः पशुपालन**<br>**(संख्या २० जना)** |

| | | |
|---|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीममा संलग्न व्यवस्थापकहरुका लागी व्यवस्थापन तथा नेतृत्व तालीम<br><br>**(Management and Leadership Training for TVET Professionals)** | प्राविधिक बिषयमा स्नातक भई प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीम व्यवस्थापन तर्फ हाल कार्यरत कम्तिमा २ बर्ष अनुभव भएका व्यवस्थापकहरु। | **प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी, भक्तपुरमा**<br><br>२०७५ बैशाख १० देखि बैशाख २८ सम्म सैद्धान्तिक कक्षा<br>र<br>२०७५ बैशाख ३१ गतेबाट जेठ १८ गते सम्म आफ्नो कार्यस्थलमा प्रोजेक्ट कार्य (**Practicum**) र प्रोजेक्ट कार्यको रिपोर्ट तथा प्रस्तुति तयारी। कार्यस्थलमै प्रस्तुति हुने र प्रस्तुति तालिका तालीमका समयमा उपलब्ध गराईने। |

यो सूचना पुनः प्रकाशित भएको मितिले ७ दिन भित्र अथवा २०७५ बैशाख ३ गते अपरान्ह २.०० बजे सम्म आवेदन फाराम भरी फाराममा उल्लेखित विवरणहरुलाई प्रमाणित गर्ने नागरिकता, नियुक्तिपत्र शिफारीसपत्र, शैक्षिक योग्यता र अनुभवका कागजातहरुका प्रतिलिपीहरु स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा आवेदन फाराम साथ संलग्न गरी पेश गर्नु पर्नेछ। अन्यत्रबाट फाराम लिईने छैन। फाराम हुलाक / Email बाट पनि पठाउन सकिने छ तर यसरी पठाईएका फारामहरु अन्तिम मिति भित्र प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा दर्ता भई सक्नु पर्नेछ। छनोट परीक्षाका दिन स्वयं उपस्थित हुनु पर्नेछ।प्रमाण पत्रहरु Scan गरी पठाउन पर्ने छ।

आवेदन फाराम प्रतिष्ठानको वेब साइट www.titi.org.np र व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजनाको (EVENT Project II) वेब साइट www.event.gov.np बाट Download गरी Print गरेर वा प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ।प्रतिष्ठानको Email: info@titi.org.np

**सम्पर्क मितिः फाराम स्वीकृत भए नभएको र छनोट परीक्षाबारे जानकारी २०७५ बैशाख ४ गते बेलुका २.०० बजे देखि ५.०० बजे सम्म दिईने छ** (फोनबाट समेत सम्पर्क गर्न सकिनेछ)

**छनोट परीक्षाः २०७५ बैशाख ६ गते दिनको १.०० बजे प्रतिष्ठानमानै हुनेछ। यो स्थान र मिति फरक हुने अवस्था आएमा सम्पर्क मितिका दिन जानकारी गराईनेछ।**

**सहभागी छनोटका लागि परिभाषा, शर्त र मापदण्डहरु**

1. "प्राविधिक बिषय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद अन्तर्गत टी एस एल सी वा डिप्लोमा तहमा पढाईने प्राविधिक बिषयहरु भन्ने बुझ्नु पर्दछ।
2. "प्रशिक्षण" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदान गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा प्रशिक्षण कार्य गरेको भन्ने बुझ्नु पर्छ।
3. "अनुभव" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा व्यवस्थापकीय कार्य वा प्राविधिक विषयको प्रशिक्षण कार्य गरेको अनुभव भन्ने बुझ्नु पर्छ।
4. "व्यवस्थापक" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा कार्यरत व्यवस्थापक (प्रमुख, उप प्रमुख, ट्रेड हेड र कार्यक्रम संयोजक) लाई बुझाउँछ।
5. "प्रशिक्षक" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा कार्यरत प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई बुझाउँछ।

6 तालीममा सहभागी हुन चाहेका आवेदकहरुले आँफूले तालीम लिन चाहेको एक समूहमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ।

7 आवेदन फाराम स्वीकृत भएका आवेदकहरुको छनोट परीक्षा हुने छ। आवश्यक संख्या भन्दा ५०% बढी आवेदन परेको अवस्थामा लिखित परीक्षा हुने र सो भन्दा कम भएमा अन्तरवार्ता मात्र हुनेछ। छनोट परीक्षा प्रशिक्षण सीप सम्बन्धी बिषयमा र बौद्धिक क्षमतामा हुनेछ।

8 छनोटमा बराबरी अंक आएमा दलित, महिला, जनजाती र अन्य सुविधा बिहिन वर्गका आवेदकलाई ग्राह्यता दिईनेछ।

9 आवेदकले सम्बन्धित संस्थाको नियुक्तिपत्र र कार्यानुभवको स्पष्ट रुपले मिति खुलेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। निवेदन साथ शिक्षालय प्रमुखको स्वीकृति वा सिफारीश पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

10 शर्त सहितका निवेदनहरु स्वीकार्य हुने छैनन्।

11 तालीम संचालन भएको दिनको निर्वाह भत्ता दिईने छ।तालीम सफलता पूर्वक सम्पन्न गरेमा मात्र उक्त भत्ता दिईने छ। यसको बिस्तृत जानकारी फाराममा उल्लेख गरिएको छ ।

12 तालीमका लागि सहभागीहरुको छनोट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि **TITI** ले गरेको निर्णय अन्तिम हुनेछ।

***नोटः*** *यो सूचना राम्ररी पढी बुझी सम्बन्धित आवेदन फाराम ठीकसंग भर्नु होला। व्यहोरा फरक परेमा फाराम रद्द हुनेछ।*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्\

**प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)**

सानोठिमी, भक्तपुर .

Occupational Training of Trainers (Occupational ToT) तथा Management and Leadership Training for TVET professionals बिषयका तालीमहरुका लागी

**दरखास्त आव्हान गरिएको सूचना**

सूचना प्रकाशित भएको मिति २०७४।१२।०९

यस प्रतिष्ठानले बिगत २ दशकभन्दा बढी समयदेखि प्राविधिक तथा व्यावसायिक सीप सिकाउने संस्थाका प्रशिक्षक तथा व्यवस्थापकहरुलाई प्राथमिकताका साथ सेवाकालीन तालीमहरु प्रदान गर्दै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका प्राविधिक डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थाका ती तहमा प्रशिक्षण दिने प्राविधिक प्रशिक्षकहरु तथा व्यवस्थापकहरुलाई व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोस्रो (EVENT Project II PS) को कार्यक्रम अनुसार प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा संचालन गरिने माथी उल्लेखित तालीमहरु २०७५को बैशाख र जेठ महिनाका बिभिन्न मितिहरुमा हुने भएकाले न्यूनतम योग्यता पुगेका प्राविधिक तालीम दिने संस्थाका ईच्छुक व्यवस्थापकहरु, प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रतिष्ठानमा दरखास्त दिनुहुन सूचीत गरीन्छ। उम्मेदवारहरुको छनोट खुल्ला प्रतिष्पर्धाबाट हुनेछ।

तालीमको लागी चाहिने न्यूनतम योग्यता, तालीमको मिति, तालीमको बिषय लगायत अन्य बिस्तृत जानकारीका लागी प्रतिष्ठानको वेब साइट www.titi.org.np र व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोश्रोको (EVENT Project II) वेब साइट www.event.gov.np वा प्रतिष्ठानको सूचना पाटीमा हेर्नु हुन जानकारी गराईन्छ।आवेदन फाराम उक्त वेब साइटहरु बाट पनि डाउनलोड गर्न सकिने छ।